अनुसूची - २

(बुँदा ५.२ संग सम्बन्धित)

शे-फोक्सुण्डो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,साल्दाङ

डोल्पा जिल्ला, कर्णाली प्रदेश नेपाल

विषय :- मिती २०७९।३।९ गतेको गाउकार्यपालिका बैठक सम्वन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षज्यूबाट स्वीकृति प्राप्त मिति :-२०७९।०३।०३

१ विषयको संक्षिप्त व्यहोरा :-गाउँकार्यपालिका वैठकका निम्न प्रस्तावहरु छन :

- शे-फोक्सुण्डो गाउँपालिकाको एघारौ गाउँ सभाको मिति स्वीकृत गर्ने सम्बन्धमा
- शे-फोक्सुण्डो गाउँपालिकाको आ.व.२०७९।८०को नीति तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा
- शे-फोक्सुण्डो गाउँपालिकाको आर्थिक विधयेक २०७९ स्वीकृत गरी सभामा पेश गर्ने सम्वन्धमा
- शे-फोक्सुण्डो गाउँपालिकाको विनियोजन विधयेक २०७९ स्वीकृत गरी सभामा पेश गर्ने सम्वन्धमा
- शे-फोक्सुण्डो गाउँपालिकाको आ.व.२०७९।०८०को बजेट स्वीकृत गरी सभामा पेश गर्ने सम्वन्धमा
- विविध विषयहरुमा

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :- नेपालको वर्तमान संविधानको धारा २३० बमोजिम गाउँकार्यपालिकाले प्रत्येक आर्थिक वर्षको नीति तथा कार्यक्रम,राजश्वका दर र वजेट गाउँ सभाबाट अनिवार्य रुपमा पारित गर्नुपर्ने प्रावधान रहेको

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय:-

विषयगत समिति ,राजश्व परामर्श समिति र योजना तर्जुमा समितिका विभिन्न बैठकहरुवाट पारित निर्णयहरु संलग्न गरी तयार गरिएको आर्थिक वर्ष २०७९।०८०को नीति तथा कार्यक्रम,राजश्वका दर र बजेटको ड्राफ्ट पेश गरिएको

४. निर्णय हुनु पर्ने व्यहोरा :-

शे-फोक्सुण्डो गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८०को नीति तथा कार्यक्रम,राजश्वका दर र बजेट माथि छलफल गरी आवश्यक निर्णय हुनुपर्ने